मिति २०७८/०२/०५
समय: बिहान ८ बजे
स्थान: सामाजिक विकास मन्त्रालय

## PCCMC बैठकको छलफलका बिषयहरु:

१. कोभिड-१९ नियन्त्रण, रोकथाम र उपचार सम्बन्धी अत्यावश्यक औषधी र स्वास्थ्य सामाग्रीहरूको न्यूनतम मौज्दात कायम राखे र जनशक्तिको व्यवस्था गर्ने सम्बन्धमा।

२. प्रादेशिक अस्पतालहरुमा अक्सिजनको सहज उपलब्धताको व्यवस्था मिलाउने सम्बन्धमा।

३. प्रदेशका सम्पूर्ण जिल्लाहरूमा कोभिड-१९ को परीक्षणका लागि Antigen तथा PCR Test को व्यवस्था मिलाउने सम्बन्धमा।

४. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार कार्यमा प्रदेश सरकार वा सो अन्तर्गतका निकायवाट खटाइएका जनशक्तिको कोरोना रोगका कारणबाट मृत्यु भएमा निजको परिवारलाई क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा।

५. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार कार्यमा प्रदेश सरकार वा सो अन्तर्गतका निकायवाट खटाइएका जनशक्तिलाई होटल वास, खाना र खाजा खर्च उपलब्ध गराउने सम्बन्धमा।

६. कोभिशिल्ड खोप लगाउने सम्बन्धमा।

७. शिक्षकहरूलाई कोभिड-१९ खोप लगाउन प्राथमिकता दिनुपर्ने सम्बन्धमा ।

८. कोभिड-१९को रोकथाम, नियन्त्रण र उपचारको सन्दर्भमा अग्रपंक्तिमा खटिएका व्यक्तिहरूलाई उपचार प्रकृयामा सहजीकरण गर्ने सम्बन्धमा।

<u>बैठकका निर्णयहरु:</u>

१. प्रस्ताव न. १ मा छलफल हुँदा विद्यमान कोभिड-१९ तथा आगामी दिनहरुमा आउन सक्ने कोरोना वा यस्तै प्रकृतिका अन्य स्वास्थ्यजन्य महामारीको रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी अत्यावश्यक औषधी र स्वास्थ्य सामग्रीहरूको न्यूनतम मौज्दात के कति आवश्यकता पर्दछ र त्यसको लागत कति लाग्दछ सो को आङ्कलन सामाजिक विकास मन्त्रालयले गर्ने र आर्थिक मामिला तथा योजना मन्त्रालयले स्रोतको सुनिश्चितता गर्ने व्यवस्था मिलाउने । प्रदेश अन्तर्गतका अस्पतालमा जनशक्तिको अभाव हुन नदिने व्यवस्था मिलाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

२. प्रस्ताव न. २ मा छलफल हुँदा कोभिड-१९ को उपचारको प्रभावकारी व्यवस्थापन गर्न प्रदेश भित्रका १३ वटै प्रादेशिक अस्पतालहरूको वेड क्षमता, प्राथमिकता, आवश्यकता र सञ्चालन क्षमता समेतको आधारमा अक्सिजन प्लान्ट स्थापना गर्ने व्यवस्था मिलाउने र त्यस्ता प्लान्टहरुको संस्थापना र सञ्चालनको लागि जनशक्तिको व्यवस्थापन गर्ने तथा त्यस्ता जनशक्तिको क्षमता अभिवृद्धि गर्ने

मुख्यमन्त्री

Scanned with CamScanner

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

मिति २०७८/०२/०५
समय: बिहान ८ बजे
स्थान: सामाजिक विकास मन्त्रालय

व्यवस्था मिलाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो। अक्सिजनको विद्यमान अभावलाई समाधान गर्न अक्सिजन प्लान्ट रहेका स्थानीय प्रशासन समन्वय गरी अक्सिजन प्लान्टको अनुगमन गर्न र सहज आपूर्तिको व्यवस्था मिलाउन सबै जिल्लामा रहेको DCCMC लाई अनुरोध गर्ने दिने निर्णय गरियो।

३. प्रस्ताव न. ३ मा छलफल हुँदा प्रदेश भित्रका सबै जिल्लाबाट कोभिड-१९ को परीक्षणको लागि PCR Test तथा Antigen Test को व्यवस्था मिलाउन र सो को लागि आवश्यक पर्ने औषधी, स्वास्थ्य सामाग्री तथा उपकरण खरिदको व्यवस्था मिलाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

४. प्रस्ताव न. ५ मा छलफल हुँदा कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार कार्यमा प्रदेश सरकार वा सो अन्तर्गतका निकायबाट खटाइएका जनशक्तिको त्यसरी खटाइएको अवस्थामा कोरोना रोगका कारणबाट मृत्यु भएमा निजको परिवारलाई निजले गरेको सेवाको कदर स्वरुप प्रदेश सरकारको तर्फबाट एकमुष्ठ रु. ४० (चालिस) लाख क्षतिपूर्ति प्रदान गर्ने र सो को निर्णयका लागि प्रक्रिया अघि बढाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. कोभिड-१९को रोकथाम, नियन्त्रण र उपचार कार्यमा प्रदेश मातहतका अस्पताल र प्रयोगशालामा प्रत्यक्ष (डेडिकेटेड) रुपमा खटिएका जनशक्तिलाई होटल क्वारेन्टाइनमा बस्नु परेमा उनीहरूको ड्युटी रोस्टर/हाजिरीको आधारमा ड्युटीमा खटिएको प्रति दिन प्रति व्यक्ति होटलको बिलको आधारमा एकमुष्ट अधिकतम रू. १५००।- (एक हजार पाँच सय मात्र) सम्म होटल बास तथा खाजा/खाना रकम सम्बन्धित कार्यालय मार्फत सम्बन्धित होटललाई भुक्तानी गर्ने तथा कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार कार्यमा प्रदेश सरकार वा सो अन्तर्गतका निकायबाट खटाइएका जनशक्तिलाई ड्युटी रोस्टर/हाजिरीको आधारमा ड्युटीमा खटिएको प्रति दिन/ प्रति ड्युटी सिफ्ट प्रति व्यक्ति खाजा/खाना वापत रू.२००।- (दुई सय) का दरले रकम उपलब्ध गराउने गरी आवश्यक निर्णयको प्रक्रिया अघि बढाउन सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

६. कोभिड-१९को रोकथाम, नियन्त्रण र उपचारको सन्दर्भमा अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीलाई उपचार प्रकृयामा सहजीकरण सामाजिक विकास मन्त्रालयले गर्ने निर्णय गरियो ।

७. हाल मौज्दातमा रहेको कोभिशिल्ड खोप कोभिड– १९ महामारीमा अग्रपंक्तिमा रहेर सेवा प्रदान गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी लगायत २०७७ फागुण २३ गते भन्दा अगाडि पहिलो प्राथमिकतामा परी खोप लगाएका तर दोस्रो मात्रा लिन छुट भएका व्यक्तिहरूलाई लगाउने भनी स्वास्थ्य तथा जनसँख्या मन्त्रालयमा बसेको ICS बैठकबाट निर्णय भएकोले छिटो निर्णय गरी खोप

मुख्यमन्त्री

Scanned with CamScanner

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

मिति २०७८/०२/०५
समय: बिहान ८ बजे
स्थान: सामाजिक विकास मन्त्रालय

लगाउने व्यवस्था मिलाउन कोभिड– १९ खोप समन्वय तथा अनुगमन समितिलाई निर्देशन दिने निर्णय गरियो।

८. प्रस्ताव न. ४ मा छलफल हुँदा हाल नेपाल सरकारले प्रदान गरिरहेको कोभिड– १९ विरुद्धको खोप विद्यालयमा कार्यरत शिक्षकहरुलाई प्राथमिकताका साथ उपलब्ध गराउन संघीय सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।

९. कोभिड-१९को रोकथाम, नियन्त्रण र उपचारको सन्दर्भमा अग्रपंक्तिमा खटिएका पत्रकार लगायत निजी क्षेत्रका व्यक्तिहरूलाई उपचार प्रकृयामा समन्वय सामाजिक विकास मन्त्रालयले गर्ने निर्णय गरियो ।

१०. माथि उल्लिखित प्रकरण न. १,२,३,४ र ६ का लागि आवश्यक पर्ने श्रोतको व्यवस्था मिलाउन आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।

मुख्यमन्त्री

Scanned with CamScanner